# वुस्टर पब्लिक स्कूल्स

# आमाबाबुलाई पढ्ने कुराको सुझाव



# आफ्नो बच्चालाई पढेर सुनाउनुहोस् !

रिड टु योर चाइल्ड अफन
इट्स ट्वेन्टि मिनेट्स अफ फन
इट्स ट्वेन्टि मिनेट्स अफ मुनलाईट
एण्ड ट्वेन्टि मिनेट्स अफ सन
ट्वेन्टि ओल्ड–फ्याशन्ड मिनेट्स
ट्वेन्टि मिनेट्स ब्र्याण्ड न्यू
रिड टु योर चाईल्ड अफन
एण्ड...........
योर चाईल्ड विल रिड टु यू !

(रोजमेरी वेल्सको रिड टु योर बन्नीबाट साभार)

## शिशु तथा बच्चाहरू ~ *नवजात देखि २ वर्ष सम्म*

*बच्चालाई पढेर सुनाउने कुरा कहिल्यै पनि चाँडो भयो भन्ने हुँदैन। बच्चाहरूले आमाबाबुले बोलेको शब्द नबुझे पनि उनिहरूको आवाज सुन्दा रमाउछन्। उनीहरू आवाज प्रति आकर्षित हुन्छन्।*

### तपाईंको बच्चाले निम्न कुराहरू गरेमा ठीकै छ, चिन्ता नलिनुस्! ............

- बच्चाले शुरुमा पुस्तक टोकेमा अथवा जथाभावी पुस्तक चलाएमा। बच्चाले पुस्तकलाई उनीहरूको खेलौनाको रुपमा लिन्छन्।
- तपाईले पढेर सुनाउदा उसले छिटै सुन्न छाडेमा अथवा ध्यान दिन छाडेमा। उसलाई मन पर्ने पाना पल्टाएमा।
- एउटै कथा दोहोऱ्याई दोहोऱ्याई पढ्न चाहेमा। बच्चाहरूले दोहोऱ्याएर पढेर नै सिक्न सक्छन्।
- पढ्नलाई रुचि कम देखाएमा। त्यो पुस्तक राखेर बच्चालाई अर्को पुस्तक छान्न दिनुस्।

### तपाईंले यसरी सहयोग गर्न सक्नुहुन्छ ...........

- सानो बच्चालाई एक पटकममा ठूलो स्वरमा छोटो समयका लागि मात्र पढेर सुनाउनुस्। यदि बच्चा ठूलो छ भने अथवा बच्चाले सुन्न चाहेमा अलि लामो समयसम्म पढेर सुनाउनुस्।
- पुस्तकमा भएको चित्रलाई औंल्याउनुस् र नाम भन्नुस्। जब बच्चा बोल्न थाल्दछ, उसलाई "देखाएर भन्न" लगाउनुस्।
- प्रत्येक दिन बच्चालाई पढेर सुनाउनका लागि समय छुट्टयाउनुस् र यसलाई बच्चा सुत्ने समयको नियमित कार्य बनाई दिनुस्।
- बाल कविता तथा बाल गीतहरू गाएर सुनाउनुस्। बाल कविताले सानो बच्चाको भाषा बुझ्ने शक्ति विकासमा मद्दत पुऱ्याउँछ।
- कथा सुनाउनको लागि बच्चालाई पुस्तक पसल अथवा पुस्तकालय लानुस्।

### किताब राख्ने ताशी (ऱ्याक) को लागि सुझावहरू
### निम्न अनुसार छान्नुहोस् ......

- बच्चाहरूको लागि बलियो हुने खालको कपडा, भिनायल, तथा बोर्डको ताशी छान्नुस्।
- नाम भन्न सजिलो हुने थाहा पाई राखिएको वस्तु भएको पुस्तकहरू छान्नुस्।
- बच्चाले दैनिक अनुभव गर्ने खालका कुराहरू भएको कथाहरू छान्नुस्।
- मदर गुज तथा अन्य बाल कविताहरूको संग्रह छान्नुस्।

## प्रिस्कूलर्स (स्कूल जाने उमेर भन्दा अघि)– ३ देखि ५ वर्षका

प्रिस्कूलर्सहरू आफ्नो वरिपरि भएका तथा कागजमा छापिएका अक्षरका बारेमा जानकार भएका हुन्छन्। उनीहरू आफ्नो मनपर्ने पुस्तक पढेको जस्तो बहाना गर्न सक्छन्। यस्तो बहानाले वास्तविक पढाईमा सहयोग पुऱ्याउँछ र बच्चाहरूले आफूलाई म पढ्दैछु भनेर सोच्न थाल्दछन्।

### तपाईंको बच्चाले निम्न कुराहरू गरेमा ठीकै छ, चिन्ता नलिनुस्! ....

- तपाईले पढेर सुनाइरहँदा धेरै प्रश्नहरू सोधेमा। बच्चाहरूले पुस्तकको बारेमा कुराकानी गरेरै सिक्दछन्।
- कथा सुन्न चुपचाप लागेर बस्न नसकेमा। केही बच्चाहरू चित्र कोर्दा अथवा खेलौनासँग खेल्दै गर्दा राम्रोसँग सुन्न सक्ने हुन सक्छन्।
- अक्षर तथा शब्दहरू उल्टोतिरबाट लेखेमा। प्रिस्कूलर्सहरू अझै सिकिरहेकै हुन्छन्।

- कथाका पुस्तक भन्दा जानकारी लिन बढि रुचाउने । केही बच्चाहरू त्यस्तो गर्दछन् ।

**तपाईंले यसरी सहयोग गर्न सक्नुहुन्छ ...........**

- आफूले पढेर सुनाउँदा बच्चालाई आफूसँगै पढ्न उत्साहित गराउनुस् । आफूले एकछिन रोकेर लय मिलेका शब्द बच्चालाई पूरा गर्न दिनुस् अथवा दोहोऱ्याउन लगाउनुस्: "आई विल हफ एण्ड आई विल पफ..."
- हो या हैन वा ठीक वा बेठीक भन्ने उत्तर नहुने खालका प्रश्नहरू भन्दा बयान गरेर उत्तर दिनु पर्ने खालका प्रश्न सोध्नुहोस्, जस्तैः "अब के हुन सक्छ होला जस्तो लाग्छ?" अथवा "उसले किन त्यस्तो गऱ्यो होला जस्तो लाग्छ?"
- औंलाले अक्षर देखाउँदै ठूलो स्वरमा पढ्नुस् । यसलाई ट्रयाकिङ्ग भनिन्छ । यसले प्रिस्कूलर्सलाई लेखिएको अक्षरलाई बोलिने शब्दसँगको सम्वन्ध बुझ्न मद्दत गर्दछ ।
- यदि तपाईंको बच्चाले वर्णमालाका अक्षरहरू सिक्ने ईच्छा देखाएमा उसले जानेका अक्षर देखाउन लगाउनुस् ।

**किताब राख्ने ताशी (ऱ्याक) को लागि सुझावहरू**
**निम्न अनुसार छान्नुहोस् ......**

- अवधारणाका पुस्तक, जस्तै काउन्टिङ्ग बुक्स (अंक गन्ने पुस्तक) र ए–बी–सी बुक्स (वर्णमाला पुस्तक)।
- "प्याटर्न बुक्स" लय मिलाउने र दोहोऱ्याउने पुस्तकहरू
- अब के हुनेवाला छ भनेर अनुमान गर्न सकिने खालका साधारण कथाहरू
- सुचना दिने खालका चित्रहरू भएको पुस्तकहरू

## निकट भविष्यमा पढ्न थाल्नेहरू ~ प्रि–किन्डरगार्टेन देखि कक्षा १ सम्म

बच्चाहरूले वर्णमालाका धेरैजसो अक्षरहरू चिन्ने भएपछि र केहीको आवाज जानेपछि उनीहरू निकट भविष्यमा पढ्न सक्ने हुन्छन् । उनिहरूले पानामा लेखिएको "बी" बाट शुरु हुने शब्दलाई औंल्याउदै "के यसले बुट भन्छ?" भनेर सोध्न सक्छन् । उनीहरूले कथालाई दोहाऱ्याएर विस्तृतमा भन्न सक्दछन् र पुस्तकमा प्रयोग गरिएको जस्तो भाषा जस्तैः "कुनै समयमा वा एकादेशमा" प्रयोग गर्न सक्छन् ।

**तपाईंको बच्चाले निम्न कुराहरू गरेमा ठीकै छ, चिन्ता नलिनुस् !.....**

- निकै समयसम्म "पढ्न सक्ने जस्तो" अवस्थामा रहिरहेमा ।
- तपाईंले पढ्न नसक्ने खालका अक्षर अथवा शब्दहरू लेखेमा । बच्चालाई पढेर सुनाउ भन्नुहोस् ।
- उस्तै उस्तै देखिने अक्षरहरू मिसाएर लेखेमा ।

**तपाईंले यसरी सहयोग गर्न सक्नुहुन्छ ...........**

- तपाईंको "निकटमा पढ्न सक्ने बच्चालाई" दबाव नदिइकन उसलाई पढ्ने सामग्री छान्न उत्साहित गराउनुस् ।
- खेली खेली अक्षर र आवाज सुदृढ पार्न दिनुस् । "आई स्पाई समथिङ्ग द्याट स्टार्ट्स विथ 'पि' साउण्ड..." (मेरो आँखाले 'पि' बाट उच्चारण हुने के देख्यो?) भन्ने खेल खेल्नुस् ।
- अथवा तपाईंको बच्चाले जानेको /एम/ बाट उच्चारण हुने सबै शब्दहरूको सूचि बनाउनुस् ।
- "निकटमा पढ्न सक्ने बच्चा" सँग विभिन्न ठाउँहरूमा जानुस् र क्रियाकलापहरू गर्नुस् ।

बच्चाहरूलाई ज्ञान र अनुभवले उनीहरूले निकटमा पढ्ने शब्दहरू बुझ्न सहयोग गर्दछ ।

- तपाईंको बच्चालाई लेख्न र चित्र कोर्नको लागि प्रशस्त कागज, क्रेयोन्स (रङ्गयाउने कलम) र शिसाकलमहरू तयार गरिदिनुस् र उसले लेखेको र बनाएको चित्र प्रदर्शन गर्न ठाउँको व्यवस्था गरिदिनुस् ।
- यदि तपाईंको बच्चाले आफ्नो नाम लेख्न सक्छ भने पुस्तकालयमा गएर उसको आफ्नै पुस्तकालय कार्ड बनाइदिनुस् ।

**किताब राख्ने ताशी (र्याक) को लागि सुझावहरू**
**निम्न अनुसार छान्नुहोस् ......**

- अलि जटिल कथा लेखिएका चित्र-पुस्तकहरू
- शब्द ढाँचा सुदृढ पार्न कविता र लयगत कुरा भएका पुस्तकहरू
- तपाईंको बच्चाले चिन्ने र पढ्न सक्ने शब्दहरू भएका सजिला पुस्तकहरू
- तपाईंको बच्चाको थप ज्ञानको लागि सुचनामूलक चित्रहरू भएका पुस्तक अथवा पत्रिकाहरू

## पढ्न शुरुवात गर्ने ~ किन्डरगार्टेन देखि कक्षा २ सम्म

पढ्न शुरुवात गर्नेहरू आफूले नजानेका शब्दहरू भन्दा अकमकिन्छन्, वाक्यमा प्रयोग भएको आधारमा अन्दाजमा उच्चारण गर्छन् । पढ्ने शीप विकासको यो शुरुको चरणमा रहेका बच्चाहरूले प्रगति गर्न चाहन्छन् र प्राय जसो दोहार्‍याएर पढ्दा राम्रोसँग सिक्न सक्छन् । कुनै शब्द वा सामान्य पुस्तक पढेपछि फेरि पढेमा प्रायः सबै शब्द चिन्ने र सजिलै पढ्न सक्दछन् ।

**तपाईंको बच्चाले निम्न कुराहरू गरेमा ठिकै छ, चिन्ता नलिनुस् !.....**

- सबै गल्ति थाहा पाउँदैन वा सच्याउँदैन ।
- बिना भाव पढेमा । तपाईंको बच्चाले शब्द पार गरेपछि र अर्थलाई ध्यान दिन थालेपछि भाव आफैं आउन थाल्छ ।
- तार्किक रुपमा हिज्जे गल्ति भनेमा । शिकारुहरूले सुनेको आधारमा शब्दको हिज्जे भन्दछन् ।

**तपाईंले यसरी सहयोग गर्न सक्नुहुन्छ ...........**

- तपाईंको बच्चालाई विस्तारै विस्तारै ठूलो स्वरमा पढेर सुनाउन दिनुहोस् । पहिला तपाईंले वाक्य, हरफ अथवा पाना पढेर सुनाउनुस्, त्यसपछि तपाईको बच्चालाई पढ्न पालो दिनुस् । यदि बच्चा थकित अथवा निरुत्साहित देखियो भने आफूले पढेर सुनाउनुस् र पढ्ने कुरालाई कडा परिश्रम भन्दा पनि मनोरञ्जनात्मक बनाईदिनुस् ।
- यदि बच्चाले केही शब्द उच्चारण गर्न सकेन भने त्यसलाई छोडेर बाँकी वाक्य पढ्न सुझाव दिनुस् र उक्त शब्दले के माने दियो भनेर निष्कर्ष दिनुस् ।
- बच्चाले नोट देखेर पढ्नेछ त्यसको लागि नोट लेखेर फ्रिजमा, बच्चाको झोलामा, अथवा उसको सिरानीमा राखिदिनुस् ।
- तपाईंको बच्चालाई पुस्तकालय लिएर जानुहोस् । नियमित रुपमा नयाँ पुस्तकहरू लिन लगाउनुस् ।

**किताब राख्ने ताशी (र्याक) को लागि सुझावहरू**
**निम्न अनुसार छान्नुहोस् ......**

- अलि जटिल र उच्च शब्दावली भएको पढेर सुनाउने पुस्तकहरू
- बच्चाले आफैं पढ्न सक्ने सजिलो खालका पुस्तकहरू
- सत्य घट्नामा आधारित र कविता लगायतका विभिन्न विधाका पुस्तकहरू

# वुस्टर पब्लिक लाईब्रेरी
# मूख्य लाईब्रेरी
## सेलम स्क्वायर, वुस्टर, एमए

*** वुस्टर पब्लिक लाईब्रेरीको थप शाखाहरू वुस्टर शहरको कुन कुन ठाउँमा छन् भनि थाहा पाउन कृपया मूख्य शाखामा फोन नं. ५०८.७९९.१६५५ मा सम्पर्क गर्नुहोस् ।

* बच्चाहरूको साहित्य इन्टरनेटमा हेर्न आमाबाबुको लागि निर्देशन यस वेबसाइटमा हेर्नुहोस् www.acs.ucalgary.ca/~dkbrown/

वुस्टर पब्लिक स्कूल समान अवसर प्रदान गर्ने/सकारात्मक विभेदीय रोजगारदाता/शैक्षिक संस्था हो र यसले जातियता, रङ्ग, लिङ्ग, उमेर, धर्म, राष्ट्रियता, लैङ्गिक पहिचान, वैवाहिक स्थिति, लैङ्गिक झुकाव, अपाङ्गता, तथा घरविहिन भएको अवस्थाको आधारमा विभेद गर्दैन । वुस्टर पब्लिक स्कूलले रोजगार, सामान्य, पेशागत तथा व्यवसायिक शैक्षिक कार्यक्रमहरुमा पूर्ण रुपमा समान पहुँचको अवसर प्रदान गर्दछ । समान अवसर/साकारात्मक विभेदका बारेमा थप जानकारीको लागि मानवस्रोत व्यवस्थापकलाई, २० अर्भिङ्ग स्ट्रिट, वुस्टर, मासाचुसेट्स ०१६०९ फोन ५०८–७९९–३०२० मा सम्पर्क गर्नुहोला ।